# गुराँस गाउँ सभा

# गाउँ सभाको १८ औं अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को

# बजेट वक्तव्य

**२०८३ आषाढ १० गते**

**आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, गाउँसभा सदस्यज्यूहरु,**

राजनैतिक परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनमा आफ्नो जीवन आहुती गर्नुहुने शहिदहरुप्रति सम्मानका साथै हार्दिक श्रद्धान्जली तथा यस क्रममा भएका घाइते, अपाङ्ग, शहिद परिवार, वेपत्ता नागरिक र तीनका परिवार प्रति हार्दिक सम्मान व्यक्त गर्दछु। स्थानीय निर्वाचन २०७९ पश्चात पाँचौ पटक यस गाउँपालिकाको बजेट प्रस्तुत गर्न गइरहेको छु। आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्ने अवसरका लागि सभा अध्यक्ष ज्यूका साथै यस सम्मानित सभा प्रति कृतज्ञ छु। यस गाउँपालिकाको भौगोलिक विषमता, जाजीय विविधता, जनताका आवश्यकता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता एवं आइपर्न सक्ने विपद् समेतलाई दृष्टिगत गरी यो आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माण गरेको छु। यस गाउँपालिकाका श्रद्धय अध्यक्षले पेश गर्नु भएको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमलाई मार्गदर्शन मान्दै आर्थिक वर्ष २०८३/०८४ को आय-व्ययको विवरण सार्वजनिक गर्न चाहन्छु।

**सर्वप्रथम,**

**म चालु आ. व. २०८२/०८३ को हालसम्मका प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण (आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र संस्थागत उपलब्धी) प्रस्तुत गर्न चाहन्छुः**

**कृषि विकास**

- यस चालु आ.व २०८२/८३ मा कृषि विकास तर्फ २ वटा नयाँ व्यवसायिक कृषि फर्म दर्ता भएका, १० वटा कृषक समूह नवीकरण र ३ वटा कृषक समूह नयाँ दर्ता भएका छन्। संघीय बजेट अन्तर्गतको कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम स्वीकृत भई विभिन्न वडाहरुको घरदैलो मै पुगी डाटा लिने काम सम्पन्न भएको छ जसमा यो आ.व.को पहिलो चरणमा ८१७ घरधुरीको सर्वेक्षण सम्पन्न भएको छ।
- गाउँपालिका क्षेत्र भित्र मलको कारोबार गरिरहेका क्रियाशील सहकारी संस्थाले अनुदानको मल बिक्रेता सिफारिस प्रमाणपत्र नवीकरण गर्ने सम्बन्धी सूचना निकालेर क्रियाशील सहकारीहरुको मात्र नवीकरण कार्य सम्पन्न गरेर नवीकरण भएका सहकारीहरुलाई अनुदानको मलको सिफारिस दिने काम निरन्तर भैरहेको छ।
- दैलेख गुराँस ४ घोडाबासमा कृषि तथा वन विज्ञान क्याम्पसको समन्वयमा कृषकको खेतबारीमा आलुको अनुसन्धान सुरु गरिएको छ।
- गुराँस गाउँपालिका वार्ड नं १ सिमेसाल सुन्तला टिपेपछि गर्नुपर्ने व्यवस्थापनको तालिम प्रदान गरिएको छ।
- गुरास ८ धरमपोखरामा कृषि बालीमा लाग्ने विभिन्न रोगकिराहरुको समस्या समाधान गर्नको लागि प्रदेश एकीकृत कृषि प्रयोगशालासंग समन्वय गरि बाली उपचार शिविर संचालन गरिएको र प्रांगारिक खेती गर्ने किसानलाई प्रांगारिक सामग्री निशुल्क वितरण गरिएको छ।
- संघीय शसर्त बजेट अन्तर्गतको खाद्यान्न बालीको बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत ५०% अनुदानमा ३५० केजी मनकामना ३ जातको मकैको बीउ र २५० केजी सुक्खा ३ एवं राम जातको धानको बीउ कृषकहरुलाई वडा कार्यालयबाट नै वितरण गरिएको छ।

- कृषकको माटो सुधार कार्यक्रम अन्तर्गत ८ वटै वार्डहरुमा रहेका क्रियाशील कृषि समूहहरुलाई १ दिने स्थलगत माटो सुधार सम्बन्धी तालिम सम्पन्न भएको छ जसमा १७५ कृषकहरु लाभन्वित हुनुभएको छ ।
- हरेक बार खाना चार सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ जसमा १२५ जना सुनौला १००० दिनका आमाहरुलाई तालिमसंगै निशुल्क पोषिलो तरकारीहरुको बीउ समेत वितरण गरिएको छ।
- गुराँस गाउँपालिका वार्ड नं. ४ को हरियाली गाईबान्ना तदर्थ समितिका २५ जना भन्दा बढी कृषकहरुलाई तरकारी/फलफुलमा लाग्ने रोगकिरा तथा पशुपन्छीमा देखिने समस्या सम्बन्धी १ दिने अन्तरक्रिया तथा तालिम सम्पन गरिएको छ।
- गुराँस गाउँपालिका वार्ड नं. १,२,३ मा धानबालीको उत्पादकत्व पत्ता लगाउन बाली कटानी कार्य सम्पन्न भएको छ जसमा धानको उत्पादकत्व ३.३ टन प्रति हेक्टर आएको छ ।
- एक घर एक बगैचा कार्यक्रम अन्तर्गत ७५% अनुदानमा बर्षे फलफुल बिरुवा वितरण कार्यक्रम र ५०% अनुदानमा कृषि यान्त्रिकरण कार्यक्रमको १५ दिने सूचना निकाली कृषकको माग संकलन भई खरिद प्रक्रिया अगाडि बढेको छ ।

## पशुपंछी विकास

- ६३१ किसानहरुलाई पशु औषधी, उपचार तथा परामर्श सेवा प्रदान गरिएको छ ।
- क्यास्ट्रेसन सेवा: १७ बोका
- रेविज खोप: २०९ वटा कुकुरहरुमा र ३ बाख्राहरुमा खोप प्रदान
- खोरेत बिरुद्धको खोप: ७२२५ गाईभैसीहरुमा
- एच.एस.+बि.क्यु. बिरुद्धको खोप: १००० गाईभैसीहरुमा
- संघीय सर्सत अनुदान तर्फको बाख्रा पकेट निरन्तरता कार्यक्रमको सम्झौता भई काम अगाडि बढेको छ ।
- शाखामा रहेको ल्याव मार्फत २ वटा गोवर परीक्षण र १ कुखुराको पोस्टमोर्टम गरि रोग निदान गरिएको छ ।
- २४३६ बाखा, १६४ गाईभैसी र २०० कुखुराहरुमा पशु औषधी, उपचार तथा परामर्श सेवा प्रदान गरिएको छ ।

## सहकारी, वित्तीय संस्था तथा गैर सरकारी संस्था

गाउँपालिकाको नियमन क्षेत्र भित्र रहेका जम्मा ५० वटा सहकारी संस्थाहरु मध्ये ४१ वटा सहकारी संस्था कोपोमिसमा आवद्ध भएका छन् भने बाँकी ९ वटा सहकारी संस्थाहरुलाई कोपोमिसमा आवद्ध भई नियमित मासिक तथा वार्षिक प्रतिवेदन बुझाउन पटक पटक ताकेता गरिएको छ। यस आ. व. २०८२।०८३ मा अद्यावधिक हुन आउने सहकारी संख्या २१ रहेका छन् भने ३१ वटा सहकारी संस्थाले समष्टिगत प्रतिवेदन भरेको कोपोमिस अभिलेखबाट देखिन्छ । चालु आ.व. २०८२/०८३ मा श्री लक्ष्मी देवी बचत तथा ऋण सहकारी संस्था गुराँस-२, दैलेखका संचालक समिति, लेखा परीक्षण समिति र शेयर सदस्यहरुलाई सम्बन्धित सहकारीकै खर्चमा सहकारी साक्षरता सम्बन्धी तालिम सञ्चालन गर्नुका साथै अनुगमन समेत गरिएको छ।

गाउँपालिकाभित्र ६ वटा (सोसेक नेपाल, एभरेष्ट कल्ब दैलेख, सिएमसी नेपाल, हेल्भटास, महिला शक्तिकरण मञ्च, नेपाल र सहकर्मी समाज) गैर सरकारी संस्था क्रियाशील रहेका छन् । गाउँपालिका भित्र कारोवार गर्ने वित्तीय संस्थाहरु व्यवसायिक कर लगायतका विषयमा आवद्ध हुन आएको अवस्था छैन् ।

## उद्यम विकास तथा व्यवसाय दर्ता नवीकरण

चालु आर्थिक बर्ष २०८२।०८३ मा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेड्पा) अन्तर्गत संघीय सरकारको विनियोजित बजेट अन्तर्गत रु ३३,६०००/- को रकम बाट प्रथम चरणको सामाजिक परिचालन, दोस्रो चरणको उद्यमशीलता कार्यक्रम सम्पन्न भईसकेको र तेस्रो चरणको प्राविधिक सिप विकास तालिम मिति २०८३ जेठ २५ देखि सञ्चालन भईरहेको छ।एडभान्स सिप विकास तालिममा विनियोजित रु ७०,०००/- र रु १,४०,०००/- को भैरहेका उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम क्रमश संचालनको क्रममा रहेको छ र असार १५ सम्म संघीय सरकारको विनियोजित मेड्पा सम्बन्धी कार्यक्रमहरु सम्पन्न गरिने छ।चालु आर्थिक बर्षको हालसम्म जम्मा उद्योग व्यवसाय दर्ता २१, नवीकरण १०२, नामसारी २, ठाँउसारी २, कारोवार थप १, पुँजी वृद्धि १, खारेजी २ भएका छन् ।

## नापी तथा भूमि व्यवस्थापन

सम्पूर्ण वडाबाट संकलन भएका र NALCIS प्रणालीमा प्रविष्ट भएका निवेदनहरुको विवरणः

| क.स. | वडा न. | प्रविष्ट भएको | प्रविष्ट नभएको | जम्मा निवेदन | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | ३१ | १८ | ४९ | |
| २ | २ | ३२ | १४ | ४६ | |
| ३ | ३ | ३ | ० | ३ | |
| ४ | ४ | ५१ | १२ | ६३ | |
| ५ | ५ | ११७ | १६ | १३३ | |
| ६ | ६ | ८ | ६ | १४ | |
| ७ | ७ | ८ | १४ | २२ | |
| ८ | ८ | ५२ | १० | ६२ | |
| | **जम्मा** | ३०२ | ९० | ३८९ | |

## शिक्षा, युवा तथा खेलकुद

- विभिन्न तालिम गोष्ठी तालिम अभिमुखीकरण कार्यक्रममा ८० जना शिक्षकहरु लाभान्वित भएका छन् ।
- गाउँ भित्र संचालित ४५ सामुदायिक विद्यालयहरुको नियमित अनुगमन सुपरीवेक्षण तथा पृष्ठपोषण प्रदान गरिएको छ ।
- स्थानीय पाठ्यपुस्तक छपाई कार्य सम्पन्न भएको छ ।
- एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड र ICT सम्बन्धी सूचना प्रविधि तालिम सम्पन्न भएको छ ।

- शिक्षा समिति, सामाजिक समिति र प्रधानाध्यापक बैठकहरु नियमित रुपमा सम्पन्न भएका छन।

**स्वास्थ्य तथा पोषण**

आ.व. २०८२/२०८३ सालमा स्वास्थ्य शाखा बाट सम्पादन गरिएका कार्यक्रमहरुः

१) गर्भवती महिलाहरुको लागि निःशुल्क ग्रामीण अल्ट्रासाउन्ड शिविर नियमित संचालन जम्मा सेवालिनेहरुको संङख्याः १३३

२) यस आ.व. मा स्वास्थ्य संस्थामा जम्मा सुत्केरी हुने संङख्याः१६२ र जिवित बच्चा संङख्याः१६२

३) यस आ.व. मा स्वास्थ्य संस्थाबाट सेवा लिने जम्मा सेवाग्राहीः १२७२१

४) यस आ.व. मा स्वास्थ्य संस्थाबाट OPD सेवा लिने संङख्याः १०८९३

५) ७८ जना महिला स्वास्थ्य स्वयं सेविकाहरुको निःशुल्क स्वास्थ्य बीमा नवीकरण गरिएको

६) राउटे समुदायमा First AID सम्बन्धी ३ दिने तालिम संचालन गरिएको

७) स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड स्वमूल्याङ्कन कार्यक्रम गरिएको

८) १९ गाउँघर क्लिनिक र २२ वटा खोप केन्द्रहरुबाट हरेक महिना सेवा संचालन गरिएको

९) पुर्ण खोप सुनिश्चतता तथा दीगोपना पालिका घोषणा कार्यक्रम मिति २०८३/०२/०७ गते सम्पन्न।

१०) पूर्ण खोप सुनिश्चतता का लागि घर धुरी सर्वेक्षण कार्यक्रममा जम्मा भेटघाट गरेका बालबालिकाहरुको सङख्याः ३८१

११) ६-५९ महिना सम्मका बालबालिकाहरुका पोषण लेखाजोखा अभियान संचालन गरिएको जम्मा सेवा लिएको सङख्याः ११४४

१२) पोषणमैत्री स्वास्थ्य संस्था घोषणाका लागि सूचकहरुको पालना गरि कार्यक्रमहरु गरिराखेको।

१३) स्वास्थ्य संस्थाहरुको सामाजिक लेखा परीक्षण कार्यक्रम गरिएको।

१४) यस आर्थिक बर्ष भरि विभिन्न शीर्षकमा २५ जना स्वास्थ्यकर्मीहरुलाई क्षमता विकास तालिम प्रदान गरिएको छ।

१५) फाल्गुन महिनालाई नसर्ने रोग स्क्रिनिङ्ग महिना अभियान संचालन गरिएको।

१६) मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गरिएको।

**नागरिक आरोग्य तर्फः**

निःशुल्क स्वास्थ्य परीक्षण सेवा ८०० जनाले प्राप्त गरेका, महिला स्वयंसेविका र स्वास्थ्यकर्मीलाई स्थानीय स्तरमा पाइने जडिवुटी पहिचान प्रयोय सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन, ५६ स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक औषधी वितरण, ४८ जना ज्येष्ठ नागरिकलाई स्वास्थ्यबर्धक रसायन औषधि वितरण, कक्षा ९ र १० का विद्यार्थीलाई विद्यालय आयुर्वेद, योग शिक्षा तथा जडीवुटि शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ ।

**महिला, बालबालिका जेष्ठ नागरिक तथा समाज कल्याण**

- अपांग परिचयपत्र वितरण १३ जना
- बालविवाह लैङ्गिक हिंसा रोकथाम तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम पालिकास्तरमा गरिएको ।
- ७ जना महिला उद्यमीहरुलाई २४ हजारका दरले बीउ पूँजी अनुदान दिईएको ।
- अपाङ्गता समन्वय समितिको बैठक ४ पटक संचालन ।
- विभिन्न दिवसीय कार्यक्रम मनाईएको जेष्ठ नागरिक दिवस, तीज वीशेष कार्यक्रम, सविधान दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन गरिएको ।
- ५० जना अपाङ्गता भएका व्यक्तिहरुको विवरण संकलन गरिएको।
- मा.वि.स्तरमा Gen Z वक्तित्वकला कार्यक्रम संचालन गरिएको।

**खानेपानी तथा सरसफाई तर्फः**

- गाउँपालिका भित्र १८ वटा खानेपानी तथा सरसफाई उपभोक्ता समिति क्रियाशील रहेका ।
- गाउँपालिकाभित्र पाइप प्रणालीको खानेपानी सेवाले ओगटेको र कुल ८०% जनसङ्ख्यामा खानेपानीको पहुँच पुगेको छ ।
- हाल सम्म एक घर एक धारा कार्यक्रम बाट निर्माण भएका जम्मा घरधुरी संख्या २५००
- गाउँपालिकामा सरसफाई पहुँचयुक्त पुगेका जम्मा घरधुरी प्रतिशत ७५%
- आमा समूहहरुमा सरसफाई सम्बन्धी सचेतना कार्यक्रम

**पञ्जीकरण तथा सामाजिक सुरक्षा**

- यस आर्थीक वर्ष २०८२/०८३ मा सामाजिक सुरक्षा तर्फ ४,५३९ जना सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई पहिलो, दोस्रो र तेस्रो (जेष्ठ नागरिक एकल महिला तेस्रो त्रैमासिक बाहेक) छुट सहित जम्मा रु ७,९७,८१,००४। (अक्षरुपि सात करोड सन्तानव्बे लाख एकासी हजार चार मात्र) EFT मार्फत र लोपउन्मुख जाति राउटे समुदायका व्यक्तिहरु १३२ जना लाई भरपाई मार्फत रु. ४७,५२,०००। (सर्चालिस लाख बाउन्न हजार)मात्र भुक्तानी गरिको छ।
- सम्बन्धित वडा न. ४ र ५ बाहेक अन्य वडामा पुगि पहिलो र दोस्रो त्रैमासिक मा जम्मा १,६९० जनालाई भत्ता वितरण गरिएको छ ।
- तेस्रो त्रैमासिकको भत्ता बैंकको कर्मचारी कम भएको कारण वडामा नगई लाभग्राहीहरुलाई बैंकबाट नै भुक्तानी गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई अझ सुदृढीकरण, व्यवस्थित र पार्दर्शी गर्नको लागि राष्ट्रिय परिचयपत्रमा आधारित बायोम्याट्रिक स्क्यानर डिभाईस ८ वटा वडा कार्यालयमा जडान गरिएको र आईरिक्स डिभाइस शाखामा

जडान गरिएको छ । साथै व्यक्तिगत घटना दर्ता आ. व. २०८२/ ०८३ को असार १० गते सम्म जम्मा ९९८ जनाको घटना दर्ता भएको छ ।

## सुरक्षित आप्रबासन (सामी ) कार्यक्रम

- वडा नं १ मा मनोसामाजिक समस्या भएका १० जना व्यक्ति र वैदेशिक रोजगारमा गएका व्यक्तिका परिवारलाई मनोसामाजिक परामर्श दिईएको छ भने २ जना लाई हस्पिटल रिफर गरिएको छ ।
- वडा नं २ मा मानसिक तथा मनोसामाजिक समस्या बारे समुदायमा जनचेताना दिइएको छ जसमा ७४ जनाको सहभागिता रहेको थियो ।
- वडा नं ३ मा वैदेशिक रोजगारमा गएर आयका व्यक्ति र गएका परिवारलाई मनोसामाजिक परामर्श प्रदान गरिएको छ जसमा १० जना लाभान्वित हुनु भएको छ ।
- वडा नं ४ मा विद्यालयमा मनोसामाजिक समस्यामा रहेका २० जना किशोरीलाई कन्भर्जन डिसअर्डर सम्बन्धी मनोशिक्षा प्रदान गरिएको छ । यसका साथै अन्य विद्यार्थी र शिक्षकलाई पनि परामर्श तथा मनोशिक्षा प्रदान गरिएको छ ।
- वडा नं ५ मा वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण कार्यक्रममा मनोसामाजिक समस्या बारे छलफल गरिएको थियो जसमा३० जना सहभागी हुनुभएको थियो ।
- वडा नं ६ मा वैदेशिक रोजगारमा गएका परिवारलाई मनोसामाजिक समस्या बारेमा जानकारी गराइएको थियो जसमा ४० जनाको सहभागी भएको थियो जस मध्ये ८ जनालाई परामर्श र नियमित फ्लोपमा भेट गरिएको छ ।
- वडा नं ७ मा मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ र वैदेशिक रोजगार सम्बन्धी सूचना पनि दिएको छ र मानसिक समस्या भएका व्यक्तिलाई अस्पतालमा पठाइएको छ । जसमा ७ जना नियमित फ्लोपमा रहुनु भएको छ ।
- वडा नं ८ मा मानसिक र मनोसामाजिक समस्या बारेमा आमा समूहमा जानकारी दिनुका साथै घर दैलोमा गएर परामर्श सेवा प्रदान गरिएको छ ।

## गरिबसंग विश्वेश्वर कार्यक्रमः

१. अपाङगता भएका व्यक्तिहरुका लागि १ दिने सचेतनामूलक अभिमुखीकण कार्यक्रम सम्पन्न जसमा ३३ जनाको सहभागिता रहेको थियो ।

२. ‘‘क र ख’’ वर्गमा अपाङगता भएका र कमजोर तथा विपन्न परिवारलाई एभरेष्ट क्लब दैलेखले सहयोग प्राप्त गरेको र बाँकी समेट्न नसकेका ‘‘ग’’ वर्गका र कमजोर तथा विपन्न परिवारका घरपरिवारलाई यस कार्यक्रमले समेट्ने गरि एभरेष्ट क्लब दैलेखको सहकार्यमा तालपोखरी स्वाबलम्वन समिति र दोबाटो स्वाबलम्वन समिति गठन गरि १८ जना अपाङगता भएका व्यक्तिहरुको माघ महिनाबाट मासिक समूह बचत /बैठक हुदै आएको छ।

३. श्री स्वास्थ्य चौकी सेरीवाडामा गर्भवती महिला तथा सुत्केरी महिलाहरुको कुपोषण अवस्था लेखाजोखा कार्यक्रम सन्चालन भएको थियो। सो कार्यक्रममा गर्भवती महिला र पूर्ण स्तनपान गराउने सदस्यहरुलाई रु. ३०७० बराबरको खाद्य पोषण सहयोग सामाग्री  वितरण सम्पन्न गरिएको छ।

**पूर्वाधार विकासः सडक, सिंचाई, खानेपानी, भवन तथा तटबन्ध निर्माण**

आर्थिक वर्ष ०८२।०८३ मा गाउँपालिका भित्र  नयाँ ट्र्याक ७१२० मिटर र ढलान सडक १०० मिटर निर्माण भएको छ। यसै गरी खानेपानीका १४ वटा आयोजना निर्माण भएकोमा जम्मा ५१५ वटा धारा तथा २६ वटा आर भि टि, १४७० मिटर सिंचाई कुलो तथा पक्की नाला १२१६ मिटर निर्माण, ३१०० मिटर कच्ची नाला निर्माण, ३६ वटा पानीपोखरी निर्माण र ५,१५० मिटर पाईप लाईन विस्तार  भएको छ। यसैगरी विभिन्न वडाहरुमा ५ वटा भवनको निर्माण कार्य सम्पन्न, ७ वटा शौचालय सम्पन्न तथा विभिन्न ६ वटा भवनको मर्मत सम्भार गर्ने कार्य भएको छ। ८  वटा तटबन्ध निर्माण, १३ वटा मन्दिर निर्माण, १४ वटा प्रतिक्षालय तथा चौतारा  निर्माण, ६ वटा  फिल्ड निर्माण, २६४ मिटर घेरबार निर्माण, १५ मिटर ह्युम पाईप र २३० मिटर पक्की पर्खाल निमार्ण भएको छ। यस अविधमा गौरवको आयोजना अन्तरगत १५ सैया अस्पताल निर्माण कार्यसम्पन्न भई भुक्तानीको प्रक्रियामा रहेकोले गाउँपालिकाको विकासलाई गति दिएको छ।

**योजना शाखा**

आ.व. २०८२/८३ मा सञ्चालित आयोजना/कार्यक्रमहरुः-

| सि.नं. | प्रक्रिया | सम्झौता संख्या | २ लाख भन्दा कम आयोजना/कार्यक्रम | २ लाख भन्दा बढी आयोजना कार्यक्रम | भुक्तानी संख्या | बाँकी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | उपभोक्ता समितिबाट संचालित | १०६ | ६२ | ४४ | ३२ | ७४ | |
| २ | दरभाउ पत्रबाट संचालित | ४ | ० | ४ | ० | ४ | |
| ३ | टेन्डरबाट संचालित | ११ | ० | ११ | ० | ११ | |
| ४ | अमानतबाट संचालित | १ | १ | ० | ० | १ | |
| ५ | कर्णाली मुख्यमन्त्री रोजगार कार्यक्रम | ८ | ० | ८ | १ | ७ | |

## वन, वातावरण र विपद् व्यवस्थापन

### वन वातावरणः

गुराँस गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन शाखाले विषादी प्रयोगमा न्यूनीकरण तथा जैविक उत्पादनमा जोड दिने मनसायले ग्रीन कर्णाली परियोजना संग साझेदारी गरी अर्गानीक उत्पादनमा आधारीत उद्यम विकासका साथै प्राकृतिक पोखरी निर्माणमा जोड, संचालन गरिने पूर्वाधार विकासहरुमा आधारभूत वातावरण विष्लेषणका कामहरु गर्दै आएको छ। साथै मौषम र हावापनी अनुकुलका विरुवाहरु पर्यटकीय तथा व्यावसायिक रुपमा वृक्षारोपण अभियान सरकारी निजी सहभागितामा संचानल गर्दै आएको छ ।

### विपद् व्यवस्थापनः

विपद् व्यवस्थापनका कार्यमा गुराँस गाउँपालिकाले राजमार्ग र सहायक सडकहरु सूचारुमा सहयोगका साथै द्रुत विपद् उद्दार स्वास्थ्य समिति, वडास्तरीय विपद् व्यवस्थापन समिति, विद्यालयस्तरीय विपद् व्यवस्थापन समिति र पालिकास्तरीय विपद् व्यवस्थापन समितिले टोल, समुदाय, वडा र पालिकास्तरमा कार्य गर्दै आएको छ। जिल्ला विपद् व्यवस्थापन समिति र राष्ट्रिय विपद् समितिमा प्रत्यक्ष सहभागी हुँदै कार्य संचालन गर्दै आएको छ । हाल गाउँपालिकाबाट संचालन गरिएका विपद् व्यवस्थापनका कार्यहरुमा विपन्न नागरिक खाद्यन्न सहयोग,  विपद् आर्थिक सहायता ८ परिवार, तत्काल विपद् सहयोगमा त्रिपाल वितरण २३ परिवार र वडास्तरबाट थप सहयोग भएको छ भने मौसमी विपद्को सहायताका लागि जिल्ला कृषि विकास कार्यालय र कर्णाली प्रदेश कृषि मन्त्रालयमा समन्वय र सहयोगको सिफरिस १९ परिवारलाई गरिएको छ ।

## सुशासन, संस्थागत विकास तथा बैठक व्यवस्थापन

तालिम तथा अभिमुखीकरण (स्वास्थ्य १८, शिक्षा ६, कृषि तथा पशु २२,) जनशक्ति परिचालन १४० (महिला ५६, पुरुष ८४, स्थायी ६८ र करार ६७ ज्यालादारी ५), योजना अनुगमन १०, गाउँ कार्यपालिका बैठक १४ गाउँसभा बैठक संख्या २, समिति बैठक संख्या ४० (खरिद समिति बैठक २२ मुल्याङ्कन ममिति बैठक ११ , शाखा प्रमुख बैठक १३, कर्मचारी बैठक सङ्ख्या १०, अन्तरपालिका अनुभव आदान-प्रदान बैठक सङ्ख्या ५, वडा सचिव समन्वय बैठक संख्या ५, कृषि तथा पशु सेवासंग सम्बन्धित बैठक, ९ पूर्वाधार प्राविधिसंगको बैठक ५, गै. स. सं. संगको समन्वय बैठक १३ प्र.अ. बैठक ४ स्वास्थ्य संस्थासँगको मासिक बैठक सङ्ख्या १२, स्वास्थ्य व्यस्थापन समितिकको बैठक सङ्ख्या ५, स्वास्थ्य स्वयं सेविका बैठक सङ्ख्या १२ वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक सङ्ख्या १० ),  आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण (वेरुजुः प्रमाण कागजात पेश गर्नु पर्ने १ करोड ४ लाख ५  हजार ८ सय, नियमित गर्नु पर्ने ३ करोड ८ लाख ९ हजार २ सय, असुल गर्नु पर्ने १ करोड ४२ लाख ७६ हजार ४ सय र पेश्की बाँकी ५ लाख ९६ हजार ३ सय)

## जिन्सी व्यवस्थापन

नेपाल सरकारले चालु आर्थिक वर्ष देखि कार्यान्वयनमा ल्याएको जिन्सी व्यवस्थापन प्रणाली PAMS-V2 यस गुराँस गाउँपालिकाले पनि प्रयोगमा ल्याएको छ । उक्त प्रणालीको पूर्ण कार्यान्वयका लागि गाउँपालिका भित्रका सबै विद्यालयहरु, वडा कार्यालयहरु, र स्वास्थ्य सस्थाहरुलाई PAMS-V2 प्रणाली एकीकृत गर्नु पर्ने देखिन्छ । गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्त सम्मको खर्च भएर नजाने मूख्य जिन्सी सामानहरुको विवरण निम्नानुसार रहेको छ ।

आ.व. २०८२/०८३ को मुख्य जिन्सी मौज्दात विवरणः

| क्र.स. | जिन्सी विवरण | गत आ.व. सम्मको मौज्दात | चालु आ.व. को थप | हस्तान्तरण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पालिका भवन | २ | ० | ० | २ | |
| २ | अस्पताल भवन क्वाटर सहित | २ | ० | ० | २ | |
| ३ | वडा कार्यालय भवन | ८ | ० | ० | ८ | |
| ४ | टिस्यूकल्चर ल्याव भवन | १ | ० | ० | १ | |
| ५ | व्याक हो लोडर | २ | ० | | २ | |
| ६ | बलेरो | १ | ० | | १ | |
| ७ | स्कारपियो | १ | ० | | १ | |
| ८ | एम्बुलेन्स | ३ | ० | | ३ | |
| ९ | मोटरसाइकल | ३५ | ० | | ३५ | वडा कार्यालय सहित |
| १० | डेक्सटप कम्प्यूटर (वडा सहित) | २२ | ४ | | २६ | |
| ११ | ल्यापटप | ७३ | ३ | १ | ७५ | |
| १२ | टेवल | ४२ | ० | | ४२ | |
| १३ | कुर्चीं | ११५ | २ | | ११७ | |
| १३ | स्टिल दराज | ५२ | २ | | ५४ | |
| १४ | काठको दराज | ९ | ० | | ९ | |
| १५ | जेनेटर | २ | ० | | २ | |
| १६ | प्रिन्टर | ३८ | ३ | १ | ४० | |
| १७ | डिस्प्ले बोर्ड | ३ | ० | | ३ | |
| १८ | सोफा सेट | १२ | ० | | १२ | |

**सूचना प्रविधिः**

१. केन्द्रीकृत ई-हाजिरी  प्राणाली प्रयोगमा ल्याइएको छ ।

२. Online सिफारिस प्राणाली प्रयोगमा ल्याइएको छ ।

३. Online योजना व्यवस्थापन प्राणाली प्रयोगमा ल्याइएको छ ।

४. नमस्ते गुराँस नामक Online  सुझाव तथा गुनासो संकलन तथा सम्पादन प्राणाली प्रयोगमा ल्याइएको छ ।

५. सरल र सहज Internet  को पहुँचको लागी Detail Survey  र पालिकाको सम्पूर्ण भुभाग भर Optical Fiber (अप्टिकल फाइवर)  सहितको इन्टरनेटको पहुँचको लागि नेपाल टेलिकमसंग सम्झौता तथा सहकार्य भएको छ।

६. एकीकृत कार्यालय व्यवस्थापन प्राणालीको सुरुवात गरिएको छ।

७. केन्द्रीकृत SMS गेटवे सञ्चालन ल्याइएको छ ।

८. वृद्ध, अपाङ्ग परिचय पत्रको लागि जेष्ठ नागरिक मन्त्रालयबाट अपाङ्ग परिचय पत्र प्राणाली सुरुवात ।

९. Online नागरिकता प्राणाली संचालन गर्ने बारे आवश्यक तयारी गर्दै ।

**न्यायिक समितिः**

न्यायिक समितिले आ.व. २०८२।०८३ को बार्षिक (२०८२ साउन देखि २०८३ जेठ मसान्त सम्म) उजुरी व्यवस्थापन तर्फ गरेका कार्यहरुः

| गत बर्षको जिम्मेवारी सरी आएका निवेदन | आर्थिक वर्ष २०८२/८३ मा जम्मा दर्ता भएका निवेदन संख्या | निर्णय भएका निवेदन संख्या | जिल्ला प्रशासन कार्यालयमा सिफारिस गरिएका निवेदन संख्या | दरपिठ गरिएको निवेदन संख्या | हेर्न बाँकी निवेदन संख्या | सम्पर्क विहिन |
|---|---|---|---|---|---|---|
| ० | १० | ४ | १ | ० | ६ | ० |

**राजश्व परिचालनः**

चालु आर्थिक बर्ष २०८२।०८३ को हालसम्म यस गाउँपालिकाको कुल राजश्व ७२ लाख ७० हजार ९ सय ५५ रुपैंया २५ पैंसा सङ्कलन भएको छ । गत आर्थिक बर्ष २०८१।०८२ को यस अविधमा कुल राजश्व ६५ लाख ३५ हजार ६ सय २१ रुपैंया ९५ पैंसा सङ्कलन भएको थियो । चालु आर्थिक बर्षको हालसम्मको सङ्कलित राजश्व मध्ये गाउँपालिकाको राजश्व शाखा, कृषि तथा पशुपंक्षी विकास शाखाबाट २७ लाख ७१ हजार ७९ रुपैंया ५५ पैंसा मात्र राजश्व सङ्कलन भएको छ भने अन्य गुराँस गाउँपालिकाका ८ वटा वडाहरुबाट संकलन भएको छ । वडाहरु मध्ये सबैभन्दा बढी राजश्व संकलन गर्ने वडा नं ५ राजश्व रकम ९ लाख २५ हजार १ सय ३६ रुपैंया १३ पैंसा र सबैंभन्दा कम राजश्व संकलन गर्ने वडा नं २ राजश्व रकम २ लाख ९१ हजार २ सय ७६ रुपैंया ९८ पैसा मात्र राजश्व सङ्कलन भएको छ ।

**आर्थिक प्रशासनः**

हालसम्मको चालु खर्चः २९,०८,२४,२४४।६७ (६९.८९%)

पूँजीगत खर्चः ४,१३,७५,४५५।९५ (२३.१४%)

कुल खर्चः ३३,२१,९९,७००।६२ (५५.८३%)

**आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, गाउँसभा सदस्यज्यूहरु,**

अब म आ. व. २०८३/०८४ को बजेटको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छुः

(क) सोचः **"सुख,समृद्धिका लागि शासकीय सुधारः हातेमालो गरी फेरौं गुराँसको मुहार"**

(ख) लक्ष्यः आर्थिक, भौतिक, सामाजिक र साँस्कृतिक क्षेत्रको उच्च विकास सहित गुराँसबासीको जीवनस्तरमा दीगो र गुणात्मक सुधार भएको हुनेछ ।

(ग) उद्देश्यः

(१) व्यवसायीक कृषि, पशुपंक्षीपालन एवम् पर्यटकीय क्षेत्रको विकास मार्फत कृषक, महिला एवम् यूवाहरुलाई आत्मनिर्भर बनाइ रोजगारी, आय–आर्जन र जीविकोपार्जनका अवसरहरु प्रर्वधन गर्ने ।

(२) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरससफाइ, लक्षित वर्गको मुलप्रवाहीकरण, स्थानीय भाषा, संस्कृतिको संरक्षण तथा सम्वद्र्धन, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरुलाई सर्वसुलभ, गुणस्तरीय र समावेशी बनाउदै मौलिकतामा आधारित विभेद रहित गुराँस गाउँपालिका निर्माण गर्ने ।

(३) गाउँपालिका भित्र गुणस्तरीय पूर्वाधारहरुको निर्माण, सहज यातायात, व्यवस्थित तथा योजनावद्ध आवास निर्माण तथा सूचना प्रविधिमा एक अब्बल र नमूनायोग्य गाउँपालिका निर्माण गर्ने ।

(४) प्राकृतिक स्रोत साधनहरुको संरक्षण तथा सम्वर्धन, जलाधार क्षेत्रको संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील समुदाय निर्माण तथा आन्तरिक स्रोत साधन र क्षमताको पहिचान गर्दै सोको व्यवस्थित र प्रभावकारी परिचालनका माध्यमबाट आन्तरिक क्षमता सुदृढ गर्ने ।

(५) सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय प्रभावकारी बनाउदै पारदर्शी शासन व्यवस्था, उत्तरदायी प्रशासन संयन्त्र, सहभागितामूलक पद्धति र निर्वाध रूपमा सूचनाको पहुँच प्रत्याभूति गर्न सक्ने देशकै अग्रणी स्थानीय तह बनाउने ।

**(घ) अपेक्षित उपलब्धीहरुः**

(१) कृषि तथा पशुपंछीका क्षेत्रमा आत्मनिर्भरता वृद्दि भई कृषि क्षेत्रमा रोजगारीको श्रृजना हुनेछ ।

(२) सतप्रतिशत भर्नादर कायम, विद्यालय शिक्षामा सबैको पहुँच वृद्दि हुनेछ ।

(३) स्वास्थ्य सेवा आम नागरिक समक्ष पुग्नुका साथै गुणस्तरीय स्वास्थ्य सेवामा वृद्दि हुनेछ ।

(४) महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित तथा सामाजिक बञ्चितीकरणमा परेका नागरिकलाई सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण हुनेछ ।

(५) गुणस्तरीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिईनेछ ।

(६) सामुदायिक वन तथा सहकारीको सहकार्यमा साना तथा घरेलु उद्योगको स्थापना हुनेछ ।

(७) नागरिकमैत्री प्रशासनको स्थापना भई वडा तथा शाखाबाट छरितो सेवाप्रवाह हुनेछ ।

**आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, गाउँसभा सदस्यज्यूहरु,**

अब म आगामी आ.व.को बजेट तथा कार्यक्रम निर्माण गर्दा गाउँपालिकाले अपनाएका आधारहरु यहाँ प्रस्तुत गर्न चाहन्छु ।

क. नेपालको संविधान (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु)

ख. स्थानीय सरकार संचालन ऐन, २०७४

ग. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७

च. नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट

छ. प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट

ज. स्थानीयतहको बजेट तर्जुमा दिग्दर्शन, २०७८

झ. गाउँपालिकाका ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड

ञ. नेपाल सरकारको सोह्रौं योजना

ट. दीगो विकास लक्ष्य २०१६–२०३०

ठ. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदनहरु

ड. गाउँपालिको आवधिक योजना २०८१/८२-२०८५/८६

ढ. गाउँपालिकाको भू-उपयोग योजना, २०८१

ण. गाउँ कार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु,

त. गाउँ कार्यपालिका तथा गाउँ सभाका निर्णयहरु

थ. नीति तथा कार्यक्रम र बजेट निर्माणका क्रममा आयोजना गरिएका छलफल कार्यक्रमका विषयहरु ।

द. गाउँपालिकाको email तथा सामाजिक सञ्जालमा प्राप्त सुझावहरु।

**<u>मूख्य आयोजना कार्यक्रमहरुको विवरणः</u>**

**आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, गाउँसभा सदस्यज्यूहरु,**

अब म आगामी आ.व. २०८३/८४ को कुल बजेट र सोको क्षेत्रगत वितरण प्रस्तुत गर्न अनुमति चाहान्छुः
आ.व.२०८३/८४ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न चालु तर्फ रु. ५० करोड ६५ लाख ४६ हजार १ सय सत्तरी पैसा ५५ र पूँजीगत तर्फ रु. १९ करोड ६६ लाख ८७ हजार ३ सय ४६ मात्र गरी **कुल बजेट रु. ७० करोड ३२ लाख ३३ हजार ५ सय १६ पैसा ५५** विनियोजन गरिएको छ ।

**कृषि तथा पशुपंछी**

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई अर्थतन्त्रलाई गतिशील बनाईनेछ । कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गर्नका लागि निर्माण गरिएको कृषि विकास रणनीतिक गुरुयोजना अनुसार कार्यक्रम सञ्चालन गर्न समग्र कृषि तथा पशुपंछी क्षेत्रका लागि **रु. १ करोड ९० लाख** विनियोजन गरेको छु । गाउँपालिकाको प्रस्तावमा संघीय सरकारको सहयोगमा **गुराँस आलु मुल बिउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण** विशेष कार्यक्रम सञ्चालन गरिनेछ । यसै गरी प्रदेश सरकारको सहयोगमा **एक व्यवसायिक कृषक एक सिंचाई पोखरी निर्माण योजना** सञ्चालन गरिनेछ । जसका लागि **रु १ करोड** विनियोजन पालिकाले गर्नुका साथै कृषकको सहलगानी पनि परिचालन गरिनेछ ।

### सहकारी, वित्तीय तथा गैर सरकारी संस्था

यस गाउँपालिका भित्र रहेका सहकारीहरुको नियमन, क्षमता विकास र प्रणाली विकासका लागि **रु. १० लाख** विनियोजन गरेको छु । वित्तीय क्षेत्र तथा गैर सरकारी संस्थाहरुको सहकार्यमा रचनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

### उद्यम विकास

व्यावसायिक विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघुउद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सृजना गरिनेछ । संभाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तानान्तरण गरिनेछ । उद्यमीहरुको आवश्यकता पहिचानका आधारमा पुर्नताजगी र एडभान्स सीप विकास तालिम संचालन र प्रविधि हस्तान्तरण गर्न **रु. ३७ लाख** विनियोजन गरेको छु । यसै वर्ष प्रदेश सरकारको सहयोगमा **मिनि औद्योगिक ग्राम** सञ्चालन गरिनेछ । जसमा **रु १ करोड** विनियोजन गरेको छु ।

### पर्यटन विकास तथा संस्कृति प्रवर्धन

यस गाउँपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण र सम्वर्धन गरी दीगो पर्यटनका माध्यमबाट नागरिकको आयस्तरमा वृद्दि गर्ने रणनीति अख्तियार गरिनेछ । पर्यटकीय पूर्वाधार सुधार, होमस्टे प्रवर्धन तथा होटेल व्यवसायीलाई तालिमको व्यवस्था गरिनेछ । धर्म संस्कृतिलाई पर्यटन क्षेत्रको विकाससंग जोड्दै आर्थिक क्षेत्रलाई गतिशिल बनाईनेछ । यसका लागि **रु. ६५ लाख** विनियोजन गरेको छु ।

### शिक्षा, युवा तथा खेलकुद

शिक्षा पाउनु सवै बालबालिकाहरुको अधिकार हो । गुणस्तर शिक्षामा सहज पहुंच, टिकाउपना र निर्धारित सिकाई सक्षमता हासिल गर्न र गुणस्तरीय शिक्षामा सवै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्न शिक्षाका समग्र कार्यक्रमहरु संचालन गर्न कुल **रु. २३ करोड ५ लाख** विनियोजन गरेको छु ।

### स्वास्थ्य तथा पोषण

आधारभूत स्वास्थ्य सेवा सञ्चालन गर्न, सुरक्षित मातृत्व सेवालाई विस्तार र गुणस्तरीय बनाउन, औषधी खरिद गर्न, विभिन्न प्रकारका शिविर सञ्चालन गर्न तथा स्वास्थ्य संस्थाहरुको निर्माण र मर्मत सम्भारका लागि **रु. ६ करोड ७२ लाख २२ हजार** विनियोजन गरेको छु ।

### खानेपानी तथा सरसफाई

स्वच्छ र सफा पानी पिउन पाउनु नागरिकको संबैधानिक अधिकार हो । गाउँपालिका भित्र सञ्चालित खानेपानी आयोजनाका माध्यमबाट गाउँवासी नागरिकलाई स्वच्छ र सफा खानेपानी सुविधा प्रदान गर्न निर्माणाधिन आयोजनाका लागि **रु. ६० लाख** विनियोजन गरेको छु ।

**महिला, बालबालिका तथा समाज कल्याण**

महिला बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैगिंक अल्पसंख्यकको तथ्याकं संकलन तथा अध्यावधिक गरिनेछ। यी वर्ग र क्षेत्रका व्यक्तिहरुको क्षमता अभिवृद्धि गरी आत्मनिर्भर बनाईनेछ। जेष्ठ नागरिकलाई सम्मानका कार्यक्रमहरु संचालन गरिनेछ र उहाँहरुको ज्ञान सीप र कौशलताको यथोचित प्रयोग गरिनेछ। समाजमा रहेका कुरिति कुप्रथा, बालविवाह न्यूनीकरण, लैगिक हिंसा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ। महिला विकास कार्यक्रमद्धारा प्रर्वदित महिला सहकारी संस्थाहरुको सुदृढिकरण एवं स्थानीय तहको महिला उद्यमी संजाल स्थापना र संचालन गरिनेछ। यसै वर्ष बालमैत्री स्थानीय शासन घोषणा गरिनेछ। यस पालिका अन्तर्गत एक लैगिंक हिंसा निवारण कोष स्थापना गरी आवश्यक रकम जम्मा गरिनेछ। उपर्युक्त कार्यक्रमहरु संचालन गर्न **रु. ४० लाख  ७६ हजार** विनियोजन गरेको छु।

**पूर्वाधार विकास**

यस गाउँपालिका अन्तर्गत ८ वटै वडाको सन्तुलित विकासका लागि जनताको आवश्कता, माग र चाहाना परिपूर्ति गर्न वडातर्फ **रु. २ करोड  र गाउँपालिका तर्फ रु. ११ करोड ८ लाख, समपुरक कोष तर्फ रु. २ करोड १३ लाख गरी जम्मा  रु. १४ करोड ५९ लाख** विनियोजन गरेको छु। आ. व. २०८२/८३ को गौरवको आयोजनाको रुपमा रहेको गुराँस गौरव मार्ग सडकको पूर्वाधार निर्माणलाई निरन्तरता दिइने गरी बजेट विनियोजन गरेको छु। खानेपानी तथा सिंचाई सम्बन्धी  आयोजनाहरुको निर्माण र कार्यान्वयनमा विशेष जोड दिइनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

गुराँस  गाउँपालिका वर्षायाममा वाढीको उच्च जोखिममा रहने र यसको प्रत्यक्ष असर गुराँस गाउँपालिका अन्तर्गतका नदीको किनाराका वस्तीमा  पर्न जाने भएकाले तटवन्धन, वृक्षारोपण जस्ता रोकथाम तथा राहत उद्धारका कार्यक्रम संचालन गरिनेछन्। विपद्को क्षेति न्यूनीकरण गर्न र यसको स्थायी समाधानका लागि संघ र प्रदेश सरकारसंग समन्वय गरी स्रोत पहिचान र परिचालन गरिनेछ। यसरी समग्र विपद् व्यवस्थापनका लागि **रु. १० लाख** विनियोजन गरेको छु।

**सुशासन तथा संस्थागत विकास**

**म भ्रष्टाचार गर्दिन, हुन पनि दिन्न** भन्ने नारालाई सार्थक रुप दिन सेवाग्रहीमैत्री वातावरण सृजना गरी जनताको घरदैलोमा सेवा प्रदान गरिनेछ। गाउँपालिकाबाट सम्पादन हुने हरेक क्रियाकलापलाई पारदर्शी बनाईने छन्। भ्रष्टाचार नियन्त्रण, पारदर्शिता, शुसासनका माध्यमबाट विकास निर्माणका कार्यहरुमा जनताको आधिकाधिक सहभागिता प्रर्वद्धन गरिनेछ। सेवा प्रवाहका लागि चुस्त र संक्षम प्रशासनिक संयन्त्रको आवश्यकता पर्न जान्छ। सेवा प्रवाहकाको नयाँ प्रविधि तथा अवधारणासंग परिचित गराउन कर्मचारीहरुलाई क्षमता अभिवृद्धिका तालिम संचालन गरिनेछन। कर्मचारीको मनोबल उच्च राख्दै जनताको सेवकको रुपमा रहन उत्प्रेरित गर्नुका साथै प्रोत्साहानका कार्यक्रमहरु संचालन गरिनेछन। उपर्युक्त क्रियाकलापका अतिरिक्त जनप्रतिनिधिको सेवा सुविधा र कर्मचारीको तलब भत्ता प्रशासनिक खर्च लगायतका लागि  **रु. ९ करोड २४ लाख ३७ हजार** विनियोजन गरेको छु।

**न्यायिक समिति तथा मेलमिलाप केन्द्र स्थापना**

न्यायिक समिति तथा मेलमिलाप केन्द्रको काम कारवाहीलाई व्यवस्थित, नागरिकमैत्री तथा सूचना प्रविधियुक्त बनाई न्यायिक निरोपण कार्यलाई छरितो र चुस्त बनाइनेछ। मेलमिलाप कर्ताको लागि पुनर्ताजगी तालिम, कर्मचारीको क्षमता वृद्दि तालिम तथा समग्र प्रशासनिक खर्च लगायतका लागि **रु. १० लाख** विनियोजन गरेको छु।

**सूचना प्रविधिको विकास र विस्तार**

सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी गुणस्तरीय भरपर्दो र विश्वसनीय बनाउन सूचना प्रविधिको उपयोग अधिकतम गरिनेछ। गाउँपालिका भवन, वडा भवन, स्वास्थ्य सेवा केन्द्र भवन, विद्यालय तथा सार्वजनिक स्थानहरुमा सि सि क्यामेरा जडान गरिनेछ । ई हाजिरीलाई सम्पूर्ण कार्यालयहरुमा अनिवार्य गरिनेछ। यसका लागि **रु २० लाख** विनियोजन गरेको छु।

**समपुरक कोष**

संघ र प्रदेश सरकारको साझेदारीमा समुदायस्तरमा आवश्कता पहिचान गरी प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु संचालन गर्न **रु. २ करोड १३ लाख** विनियोजन गरेको छु।

**विशेष कोष**

संघ र प्रदेश सरकारको सहकार्यमा समुदायस्तरको आवश्कता पहिचान गरी यस पालिकाको आलु प्रर्वद्धन, होमस्टे सञ्चालन र आधारभूत आर्युवेद स्वास्थ्य केन्द्र सञ्चालन गर्न **रु. १ करोड ५५ लाख** विनियोजन गरेको छु।

**आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, गाउँसभा सदस्यज्यूहरु,**

अब म, संघीय तथा कर्णाली प्रदेश सरकार र आन्तरिक श्रोतबाट प्राप्त अनुदानवाट कार्यान्वयन हुने आय र व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छुः

**अनुमानित आय र व्ययको श्रोत व्यवस्थापनः**

**आ.व. ०८३।०८४ को आय- विवरण**

| **आन्तरिक आय तर्फ** | | |
|---|---|---|
| क्र.सं. | विवरण | अनुमानित रकम (रु.) |
| १ | भुमिकर/मालपोत | २८ लाख |
| २ | सम्पती कर | ३ लाख |
| ३ | वहाल कर | २ लाख |
| ४ | वहाल विटौरी कर (व्यापारीक स्टल) | ५० हजार |
| ५ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २५ हजार |
| ६ | अन्य मनोरञ्जन कर | ५० हजार |

| | | |
|---|---|---|
| ७ | व्यवसाय कर | २ लाख |
| ८ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २५ हजार |
| ९ | मासुको प्रयोजनका लागि बिक्री गरिने पशु चौपायमा लाग्ने कर | २० हजार |
| १० | अखेटोपहारमा लाग्ने कर | ६० हजार |
| ११ | अन्य कर | २ लाख |
| १२ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त करब्याकहो लोडर र एम्बुलेन्स समेत | २५ लाख |
| १३ | पर्यटन शुल्क भ्यूटावर समेत | २ लाख |
| १४ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १० लाख |
| १५ | सरकारी सम्पतिको विक्रीबाट | ५० हजार |
| १६ | नहर तथा कुलो उपयोग बापतको शुल्क | ५० हजार |
| १७ | विद्युतीय सेवा शुल्क/विद्युत महशुल | १५ लाख |
| १८ | विद्युत सम्बन्धी दस्तुर | १० लाख |
| १९ | अन्य सेवा शुल्क तथा बिक्री | ५० हजार |
| २० | न्यायिक दस्तुर | २० हजार |
| २१ | शिक्षा क्षेत्रको आम्दानी | २० हजार |
| २२ | परीक्षा शुल्क | ५० हजार |
| २३ | यातायात क्षेत्रको आम्दानी | १० हजार |
| २४ | अन्य प्रशासनिक सेवा शुल्क | ३ लाख |
| २५ | पार्किङ्ग शुल्क | १० हजार |
| २६ | नक्सापास दस्तुर | १ लाख |
| २७ | सिफारिस दस्तुर | १० लाख |
| २८ | वडा मुचल्का | १ लाख |
| ३० | व्यक्तिगत घटना दर्ता दस्तुर | ३ लाख |
| ३१ | नाता प्रमाणित दस्तुर | १ लाख |
| ३२ | अन्य दस्तुर | १ लाख |
| ३३ | रेडियो/एफ.एम.सञ्चालन दस्तुर | २५ हजार |
| ३४ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १ लाख |

| | | |
|---|---|---|
| ३५ | जलस्रोत सम्बन्धी दस्तुर | २० हजार |
| ३६ | मुहान दर्ता तथा नविकरण | |
| ३७ | अन्य क्षेत्रको आय | २० लाख |
| ३८ | न्यायिक दण्ड जरिवाना र जफत | १० हजार |
| ३९ | प्रशासनिक दण्ड जरिवाना र जफत | ३ लाख |
| ४० | प्रदुषण नियन्त्रण शुल्क | १० हजार |
| ४१ | अन्य राजश्व | ५ लाख |
| ४३ | व्यवसाय कर | १ लाख |
| ४४ | बेरूजु | २५ लाख |
| ४५ | अनुदान फिर्ता | २५ लाख |
| ४६ | दहत्तर बहत्तर शुल्क | ५ लाख |
| | **जम्माः** | **१ करोड ९२ लाख ५५ हजार रुपैंया मात्र।** |
| **प्रदेश तथा संघबाट प्राप्त अनुदान** | | |
| १. | वित्तीय समानीकरण अनुदान- नेपाल सरकार | ९ करोड ६० लाख |
| २. | राजश्व बाडफाँड- नेपाल सरकार | ९ करोड़ ५८ लाख ६७ हजार |
| ३. | शसर्त अनुदान- नेपाल सरकार | २६ करोड ९३ लाख |
| ४. | समपुरक अनुदान- नेपाल सरकार | १ करोड १३ लाख |
| ५. | विशेष अनुदान - नेपाल सरकार | ९० लाख |
| ६. | वित्तीय समानीकरण अनुदान- प्रदेश सरकार | १ करोड २४ लाख ७६ हजार |
| ७. | राजश्व बाडफाँड- प्रदेश सरकार | २० लाख २० हजार १ सय ७० पैसा ६० |
| ८. | शसर्त अनुदान- प्रदेश सरकार | २ करोड ९९ लाख २२ हजार |
| ९. | समपुरक- प्रदेश सरकार | १ करोड |
| १०. | विषेश अनुदान- प्रदेश सरकार | ६५ लाख |
| ११. | सामाजिक सुरक्षा | ११ करोड ५ लाख ६१ हजार |
| १२. | साझेदार संस्था सूत्रमा आउने मात्र | १ करोड २ लाख ८७ हजार ३ सय ४५ पैसा ९५ |
| जम्मा | | ६६ करोड ३२ लाख ३३ हजार ५ सय १६ पैसा ५५ |
| आन्तरिक आय बैंक मौज्दात समेत | | ४ करोड |

| | | |
|---|---|---|
| कूल जम्मा | | ७० करोड ३२ लाख ३३ हजार ५ सय १६ पैसा ५५ |
| **आ.व. ०८३।०८४ को व्यय विवरण** | | |
| **क्षेत्रगत विनियोजन** | | |
| १ | आर्थिक विकास | २ करोड ४२ लाख |
| २ | सामाजिक विकास | ४१ करोड ४८ लाख ९ हजार १ सय ७० पैसा ६० |
| ३ | पूर्वाधार विकास | १६ करोड ५२ लाख ८७ हजार ३ सय ४५ पैसा ९५ |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | २० लाख |
| ५ | सुशासन तथा संस्थागत विकास | ९ करोड ६९ लाख ३७ हजार |
| जम्मा रु | | ७० करोड ३२ लाख ३३ हजार ५१६ पैसा ५५ |

**कार्यक्रमगत विनियोजन**

| | | |
|---|---|---|
| १ | शिक्षा, युवा तथा खेलकुद | २३ करोड ५ लाख |
| २ | स्वास्थ्य तथा पोषण | ६ करोड ९६ लाख |
| ३ | सामाजिक सुरक्षा | ११ करोड ५ लाख ६१ हजार |
| ४ | महिला, बालबालिका तथा समाज कल्याण | ४० लाख ७६ हजार |
| ५ | कृषि विकास | १ करोड ६० लाख |
| ६ | पशुपञ्छी विकास | ४० लाख |
| ७ | रोजगार परियोजना | २ करोड ३९ लाख |
| ८ | सवारी साधन खरिद | ६४ लाख |
| ९ | उद्यम विकास | ३७ लाख |
| १० | सहकारी/संघसंस्था | १० लाख |
| ११ | खानेपानी तथा सरसफाई | ६० लाख |
| १२ | पूर्वाधार योजना | १० करोड ४६ लाख |
| १३ | भुक्तानी बाँकी परियोजना | १ करोड |
| १४ | समपुरक आयोजनाहरु | २ करोड १३ लाख |
| १५ | वडागत पूँजीगत | २ करोड |
| १६ | मर्मत संभार कोष | १० लाख |
| १७ | वन तथा वातावरण | ५ लाख |
| १८ | विपद् व्यवस्थापन | १० लाख |

| | | |
|---|---|---|
| १९ | कार्यालय सञ्चालन तथा सेवा प्रवाह | २ करोड ११ लाख ६० हजार |
| २० | सुशासन तथा सेवा प्रवाह | ८६ लाख ७० हजार |
| २१ | कर्मचारी पारिश्रमिक तथा सुविधा | ८ करोड ९१ लाख ५६ हजार |
| २२ | पदाधिकारी सेवा सुविधा | ८० लाख |
| २३ | नगर प्रहरी | २१ लाख |
| २४ | सूचना प्रविधि | १५ लाख |
| २५ | अध्ययन अनुसन्धान र परामर्श | १५ लाख |
| २६ | वडागत चालु | ३२ लाख |
| जम्मा रु. | | ७० करोड ३२ लाख ३३ हजार ५ सय १६ पैसा ५५ |

**आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, गाउँसभा सदस्यज्यूहरु,**

मैले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटको कार्यान्वयनबाट आर्थिक तथा सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासन प्रवर्धन भई नागरिकको सरकार प्रतिको भरोसा र विश्वास स्थापना हुनेमा ठोस योगदान पुग्ने अपेक्षा गरेको छु।

बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। बजेट तर्जुमाको क्रममा उपयोगी राय सल्लाह सुझाव प्रदान गर्नु हुने संघ तथा प्रदेशका माननीय सांसदज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, उद्योग बाणिज्य संघ, घरेलु संघ, बैंक/वित्तीय/सहकारीकर्मीहरु, निर्माण व्यवसायी, होटेल व्यवसायी, टोल विकास संस्था, सामुदायिक वन उपभोक्ता महासंघ, खानेपानी उपभोक्ता समूह, बाल/युवा सञ्जाल/आमा समूह/स्वास्थ्य स्वयंसेविका, विद्यालय व्यवस्थापन समिति, शिक्षक, कर्मचारी, निजी क्षेत्र, सञ्चारकर्मी लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

अन्त्यमा,

यस गाउँपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउने सबै करदाता र कठिन अवस्थामा पनि हामीलाई निरन्तर सहयोग गर्ने गैर सरकारी संस्था र साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। बजेट कार्यान्वयनमा सबैको रचनात्मक सहयोग रहने अपेक्षा समेत गरेको छु।

धन्यवाद !

नमस्कार!

जय गुराँस!

**शिवा कुमारी खड्का**

**उपाध्यक्ष**

**मिति २०८३ असार १० गते**